# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५


मितिः २०८३।६।१६ गते

## जितिया पर्वको शुभकामना !

शाश्वत सनातनी मधेशी महिलाहरुको अत्यन्त कठोरतम् निर्जला व्रत-उपासना जित्विपुत्रिका/ जितिया व्रत यहि आश्विन कृष्ण पक्षको अष्टमी तिथिमा परेको छ। यसको प्रथम दिन नहाए-खाए (दर खाने), दोस्रो दिन अष्टमी तिथिमा निर्जला व्रत बस्ने र तेस्रो दिन पारण/पार्वन/समापन गर्ने रहेको छ। यो व्रतले सन्तानको कल्याण, परिवार र समाजको कल्याण हेतु महिलाहरुले उपवास र पुजाआराधना गर्ने गर्दछन्। यो पर्व सामाजिक एकताका साथै महिलाहरुले दिवंगत माइती र घर पक्षका आ-आफ्ना पितृ / पितरहरुलाई श्रद्धापुर्वक पोखरी, खोला वा ईनारमा गई तेल, खरी लगायतका सामाग्रीहरुले पुजाअर्चना गर्ने गर्दछन्। यस पछि नै सोह्र श्राद्धमा पुरुषहरुद्वारा पुजा तथा जलअर्पण गर्ने गरिन्छ। यस पर्वले प्रकृति संरक्षण, जल संरक्षण, धार्मिक तथा आध्यात्मिक पक्ष, महिला सशक्तिकरण, सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्ष लगायतका बहुआयामिकताका परम पवित्र पर्व हुन्।

यस जितिया पर्वले सम्पूर्ण देशवासीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं आपसी भ्रातृत्वको भावना अभिवृद्धि गरोस् भन्ने कामना गर्दै सम्पूर्ण व्रतालु आमा, दिदीबहिनी तथा सम्पूर्ण नागरिकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.....

(माननीय जीवछ साह)
कार्यवाहक अध्यक्ष


Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np